खजुरा गाउँपालिका

# **नागरिक वडा पत्र**

<u>गाउँ कार्यपालिकाको कार्यालय बाट वितरित हुने सेवाहरु</u>

| **क्र.सं.** | **सेवा सुविधाको नाम** | **आवस्यक कागजात** | **प्रक्रिया** | **जिम्मेवार पक्ष तथा फाँट** | **लाग्ने** | |
|---|---|---|---|---|---|---|
| | | | | | **समय** | **शुल्क** |
| १. | व्यवसाय दर्ता | १. व्यवसायको प्रकृति खुलाइएको निवेदन / फारम<br>२. अन्यत्र दर्ता गरेको भए सोको प्रतिलिपि<br>३. सञ्चालकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी<br>४. २ प्रति पासपोर्ट साइजको फोटो<br>५. घर भाडा सम्झौता तथा घर बहाल तिरेको रसिद<br>६. आफ्नै घर भए मालपोत वा एकिकृत सम्पत्ति कर तिरेको रसिद वा कर निर्धारण स्वीकृत भएको कागजात<br>७. सम्बन्धित वडा कार्यालयको सिफारिस | १. कार्यालयमा सम्पूर्ण कागजात सहित निवेदन पेश गर्नुपर्नेछ।<br>२. प्रमुख प्रशासकिय अधिकृतले समबन्धित कर्मचारीलाई तोकादेश गर्ने र आवश्यक जाँचबुझ गरिनेछ।<br>३. आवस्यकता अनुसार वडा सचिव वा खटिएको कर्मचारीले सर्जमिन मुचुल्का गर्ने छ ।<br>४. आर्थिक ऐन अनुसार शुल्क तिरेको रसिद र २ प्रति फोटो लिइआएमा सम्बन्धित शाखाबाट प्रमाणपत्र दिइनेछ। | सम्बन्धित शाखाको कर्मचारी | सोही दिन / सर्जमिन मुचुल्का गर्नुपर्ने भए वढीमा ३ दिन | व्यवसायको प्रकृति अनुसार आर्थिक ऐन बमोजिम |
| २. | कृषि तथा पशुपालन सम्बन्धि फर्म दर्ता र नविकरण | १. फर्मको प्रकृति खुलाइएको निवेदन / फारम<br>२. २ प्रति पासपोर्ट साइजको फोटो<br>३. सञ्चालकको नागरिकताको प्रतिलिपी<br>४. वडा सर्जमिन मुचुल्का<br>५. अन्यत्र दर्ता गरिएको भए | १. सम्पूर्ण कागजात सहित कार्यालयमा निवेदन दिनुपर्नेछ।<br>२. प्रमुख प्रशासकिय अधिकृतले समबन्धित कर्मचारीलाई तोकादेश गर्ने र आवश्यक जाँचबुझ गरिनेछ ।<br>३. वडा कार्यालयबाट सर्जमिन मुचुल्का गरिनेछ। | सम्बन्धित शाखाको कर्मचारी | सोही दिन र सर्जमिन मुचुल्का गर्नु पर्ने भएमा बढीमा ३ दिन | फर्मको प्रकृति अनुसार आर्थिक ऐनमा तोके बमोजिम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सोको प्रतिलिपि<br>६. जग्गा वा घर भाडा सम्झौता<br>७. मालपोत र घर जग्गा कर वा एकीकृत सम्पत्ती कर तिरेको रसिद वा कर निर्धारण स्वीकृत भएको कागजात | ४. कार्यालयले आवश्यक देखेमा सम्बन्धित कृषि तथा पशु सेवा शाखाको मूल्याङ्कन सहित सिफारिस र फर्मको लागि आवश्यक सुझाव भएको अनुमति लिन सक्नेछ ।<br>५. वडा कार्यालययको सिफारिस पत्र, आर्थिक ऐन बमोजिम तिरेको रसिद सहित २ प्रति फोटो लिइ सम्बन्धित शाखाट दर्ता प्रमाण पत्र उपलब्ध गराइनेछ। | | | |
| ३. | घर नक्सा पास सम्बन्धि अनुमति पत्र | १. गाउँपालिका द्धारा तोकिएको नक्सा पास तथा निर्माण इजाजत दरखास्त फारम<br>२. नागरिकता प्रमाण पत्रको प्रतिलिपी<br>३. जग्गाधनी पूर्जाको प्रतिलिपी<br>४. तिरो तिरेको रसिदको प्रतिलिपी<br>५. नापी नक्सा<br>६. व्यक्ति स्वयं उपस्थित नभएमा वारेसनामा<br>७. ३ प्रति पासपोर्ट साइजको फोटो<br>८. पहिले निर्माण भएको भए घरको फोटो | १. विधि पूर्वकको निवेदन पेश गर्ने कार्यालय प्रमुख बाट तोकादेश गरिने<br>२. राजश्वशाखाबाट शुल्क तिरी नक्सापास तथा निर्माण इजाजत किताब लिइ नेपाल सरकारको इजाजत प्राप्त शिक्षण संस्थाबाट पास भएको ईन्जिनियर मध्ये यस गाउँपालिकामा सुचिकृत भएका ईन्जिनियरहरुबाट घरको नक्सा बनाउने<br>३. नक्सा दर्ता पछी अमिन बाट सर्जमिन मूचुल्का र १५ दिने दाविविरोध सूचना जारी गरिने<br>४. कसैबाट मुद्दा नपरे निर्माण/ DPC इजाजत प्रमाण पत्र पाउन सक्ने<br>५. घर निर्माण पछी निर्माण सम्पन्न प्रमाण पत्र पाउने | प्रमुख प्रशासकीय अधिकृत / घर नक्सा शाखा/ईञ्जिनियर | १.प्लिन्थ ले.को इजाजत को लागि २१- ३० दिन ।<br>२.सम्पन्न प्रमाणपत्र कार्य सम्पन्न पछि। | १. नक्सा फारम दस्तुर रु. १०००।<br>मापदण्ड लागु भएपछि बनेका पक्की घर (आर वि सी र आर सि सि छाना भएको) प्रति वर्गफिटः-<br>घरको प्रतिवर्ग फिटः-<br>१. आवासीय रु ५/-<br>२. व्यावसायीक रु ७/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | घर नक्सा नामसारी | १. निवेदन ।<br>२. घर नक्सा पास प्रमाण पत्र<br>३. जग्गा धनी पूर्जाको प्रतिलिपी<br>४. अंशवण्डा भए नाता प्रमाणित<br>५. नाप नक्सा<br>६. नाता प्रमाणित<br>७. तिरो तिरेको रसिद<br>८. आवस्यकता अनुसार सर्जमिन मुचुल्का<br>९. ३ प्रति फोटो<br>१०. मालपोत र घर जग्गा कर वा एकीकृत सम्पत्ती कर तिरेको रसिद वा कर निर्धारण स्वीकृत भएको कागजात | १. पेश गरिएको निवेदन उपर प्र.प्र. अधिकृत द्वारा सम्बन्धित कर्मचारीलाई तोकादेश दिइने।<br>२. आवस्यकता अनुसार अमिन खटिइ वडा सर्जमिन मुचुल्का तयार गर्ने<br>३. धनी मृत्यु भइ अंशवण्डा गर्ने भए मृत्यु दर्ता प्रमाण पत्र पेश गर्ने र नाता खुल्ने कागजात पेश गर्नुपर्नेछ।<br>४. घर धनी स्वयं उपस्थित भइ वा वारेसाना मार्फत गर्ने भए सो पेश गर्ने र सो उपर जाँचबुझ गरिनेछ।<br>५. शाखा प्रमुखले आवश्यक प्रकृया पुगाइ तयार पारी कार्यालय प्रमुख समक्ष पेश गरी नामसारी हुनेछ। | प्रमुख प्रशासकीय अधिकृत/ इन्जिनियर /घर नक्सा शाखा | सोही दिन / सर्जमिन मुचुल्का गर्नुपर्ने भए ३ दिन भित्र | आर्थिक ऐनमा तोके बमोजिम |
| ५. | संस्था दर्ता / नविकरण सिफारिस | १. नयाँ संस्था भए विधान ।<br>२. सञ्चालक समितिका पदाधिकारीको ना.प्र.को प्रतिलिपी<br>३. लेखापरीक्षण प्रतिवेदन ।<br>४. वडा सिफारिस<br>५. घर भाडा सम्झौता<br>६. मालपोत र घर जग्गा कर वा एकीकृत सम्पत्ती कर तिरेको रसिद वा कर निर्धारण स्वीकृत भएको कागजात | १. संस्थाको प्रकृति खुलाइ निवेदन पेश गर्नु पर्ने छ।<br>२. कार्यालय प्रमुखले तोकादेश गरि सकेपछी सम्बन्धित कर्मचारीले जाँचबुझ गर्नेछ।<br>३. नयाँ संस्था दर्ता गर्नुपर्ने भए वडा कार्यालयबाट सर्जमिन मुचुल्का गरिनेछ।<br>४. प्रक्रिया पुर्याईसकेपछी सम्बन्धित शाखाको कर्मचारीले पत्र तयार गर्नेछ।<br>५. आवश्यक राजश्व बुझाइ चलानी गरी पत्र उपलब्ध गराइनेछ। | प्रमुख प्रशासकीय अधिकृत/ सम्बन्धित शाखाको कर्मचारी | सोही दिन / सर्जमिन मुचुल्का गर्नु पर्ने भए ३ दिन भित्र | आर्थिक ऐनमा तोके बमोजिम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | उल्लेखित बाहेक अन्य स्थानीय आवस्यकता अनुसारका सिफारिस / प्रमाणितहरु | १. नागरिकता प्रमाणपत्रको प्रतिलिपी र निवेदन<br>२. विषय सँग सम्बन्धित प्रमाण कागजात<br>३. चालु आ.व. सम्मको मालपोत र घर जग्गा कर वा एकिकृत सम्पत्ती कर तिरेको रसिद वा कर निर्धारण स्वीकृत भएको कागजात<br>४. आवश्यकता अनुसार सर्जमिन मुचुल्का | विधिपूर्वक | अध्यक्ष/प्र.प्र. अधिकृत / सम्बन्धित शाखाको कर्मचारी | कामको प्रकृति हेरी | आर्थिक ऐन अनुसार |
| ७. | सहकारी दर्ता | १. अनुसूची १ बमोजिमको दरखास्त<br>२. सहकारी संस्थाको प्रतावित विनियम<br>३. सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन<br>४. सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण<br>५. सम्पूर्ण शेयर सदस्यहरुको नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी | १. बहुउद्देश्यीय सहकारी संस्था गठनका लागी कम्तीमा ३० जना नेपाली नागरिक ।<br>२. श्रम वा सीपमा आधारित भइ व्यवसाय गर्ने सहकारी संस्थाको हकमा १५ जना नेपाली नागरिक ।<br>३. पेशागत संगठनका आधारमा कम्तीमा १०० जना ।<br>४. संस्था गठन गर्दा एक परिवार एक सदस्यता हुनु पर्ने ।<br>५. कार्यालयबाट छानविन गरी दर्ता अधिकारीबाट अनुसूची २ बमोजिमको प्रमाण पत्र उपलव्ध हुने । | प्रमुख प्रशासकिय अधिकृत / सम्बन्धित शाखा | ३० दिन | १. आर्थिक ऐन अनुसार |
| ८. | विज्ञापन तथा प्रचार सामग्री राख्न | १. विज्ञापनको प्रकृति खुलाइएको निवेदन<br>२. विज्ञापन एजेन्सी भए सो दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि<br>३. वडा कार्यालयको सिफारिस<br>४. अन्य कार्यालय वा निकाय | १. राख्न खोजिएको वडा कार्यालयमा सिफारिसका लागि निवेदन दिनुपर्नेछ।<br>२. प्र.प्र.अ बाट सम्बन्धित कर्मचारीलाई तोकादेश गर्ने र कर्मचारीले आवश्यक जाँचबुझ गर्नेछ। | सम्बन्धित शाखा | सोही दिन / सर्जमिन मुचुल्का गर्नु पर्ने भए बढीमा ३ दिन | १. आर्थिक ऐन अनुसार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बाट अनुमति लिनुपर्ने भए सोको प्रतिलिपी | ३. अन्य निकाय संग अनुमति लिनुपर्ने भए अनुमति लिई आउनु पर्नेछ।<br>४. वडाको सिफारिस पत्र सहित कार्यालय प्रमुखलाई निवेदन दिनुपर्ने छ।<br>५. कार्यालय प्रमुखको तोकादेश भएपछी प्रशासन शाखा बाट अनुमति को पत्र तयार गरी चलानी गराइ उपलब्ध गराइनेछ। | | | |